**सर्वोच्च अदालत बार एशोसिएशनको ४८ औं वार्षिक साधारणसभामा**
**कार्यसमितिका तर्फबाट प्रस्तुत**
**वार्षिक प्रतिवेदन**

सभाका अध्यक्षज्यू,
सर्वोच्च अदालत बार एशोसिएशनका पूर्व अध्यक्षज्यूहरु, पूर्व पदाधिकारीज्यूहरु,
पार्षदज्यूहरु, वरिष्ठ अधिवक्ता तथा अधिवक्ताज्यूहरु ।

महोदय,
सर्वोच्च अदालत बार एशोसिएशन आफ्नो स्थापनाकालदेखि नै संवैधानिक सर्वोच्चता, विधिको शासन, मानव अधिकार, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, प्रेस स्वतन्त्रता, व्यावसायिक मर्यादा, हकहित, संरक्षण र प्रवर्द्धनको पक्षमा क्रियाशील रहँदै आएको छ ।

यस कार्यसमितिले २०७८ साल फागुन २७ गते पहिलो वार्षिक साधारणसभा सम्पन्न गरेपश्चात बाँकी अवधिमा न्यायपालिकाको सुधारका लागि तत्काल र दीर्घकालीन रुपमा गर्नुपर्ने कार्यहरु, कानून व्यवसायीको हकहित, मर्यादा, वृत्तिविकासका सम्बन्धमा २०७८ साल चैत ११ गते पार्षद् (नेबाए कार्यकारिणी परिषद् सदस्य) सँग, २०७९ साल बैसाख ६ गते नेपाल बार एशोसिएशनको २६ औं कार्यसमितिसँग र २०७९ साल बैशाख ८ र जेठ ३० गते यस बारको सल्लाहकार समिति (पूर्व अध्यक्ष/पूर्व सचिव) सँग मुद्दा व्यवस्थापनलगायत अन्य समसामयिक विषयमा राय, सल्लाह र सुझाव लिइएको थियो । उहाँहरुले दिनुभएको महत्वपूर्ण राय, सल्लाह र सुझावलाई मार्ग निर्देशनका रुपमा लिई र यस बारका सदस्यज्यूहरुको भावनालाई समेत कदर गरी सोबमोजिमका कार्यक्रम गरिएको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

यस कार्यसमितिले पहिलो साधारणसभा भएको मितिदेखि हालसम्म गरेका मुख्य मुख्य कार्यहरु यस गरिमामय सभासमक्ष संक्षेपमा राख्न अनुमति चाहन्छु ।

**१. समितिको प्रतिवेदन कार्यान्वयनसम्बन्धमा :**

न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवम् बिचौलियाबाट हुनसक्ने क्रियाकलापहरु रोक्नका लागि कानूनी, संरचनागत लगायतका प्रभावकारी उपायहरु सहितको प्रतिवेदन पेश गर्न र प्रतिवेदनका सुझावहरु कार्यान्वयनका लागि कार्ययोजनासमेत प्रस्ताव गर्न सर्वोच्च अदालतका माननीय न्यायाधीश (हाल कायम मुकायम सम्माननीय

प्रधानन्यायाधीश) हरिकृष्ण कार्कीको संयोजकत्वमा गठित समितिले २०७८ साल साउन १४ गते बुझाएको प्रतिवेदन हालसम्म पनि सम्मानित सर्वोच्च अदालतको पूर्ण बैठक (फूल कोर्ट) बाट पारित गरिएको छैन । सो प्रतिवेदन अविलम्ब पूर्ण बैठकबाट पारित गरी उक्त प्रतिवेदनको अनुसूचि-२ बमोजिम नीतिगत, कानूनी, संरचनागत, कार्यगत र वातावरणीय सुधार अन्तर्गत रहेका स्वचालित पेशी सूचि प्रणाली (Automated Cause List System), सोको परिपूरकको रुपमा रहेको इजलाश सञ्चालन भएको समयमा मोवाइलमा सम्पर्क गर्न नमिल्ने गरी अदालतहरुमा जामरको व्यवस्था गर्ने समेतका ५३ वटा कार्ययोजना अविलम्ब कार्यान्वयन गर्न कायममुकायम प्रधानन्यायाधीशसमक्ष लिखितरुपमा ध्यानाकर्षण गराइयो । साथै सोको बोधार्थ सर्वोच्च अदालतका सम्पूर्ण माननीय न्यायाधीशज्यूलाई दिइएको छ ।

**२. सर्वोच्च अदालतमा वैतनिक कानून व्यवसायीको नियुक्तिसम्बन्धमा :**

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १४३ मा खुल्ला प्रतिस्पर्धाका आधारमा सर्वोच्च अदालतमा वैतनिक कानून व्यवसायीको नियुक्ति गर्ने व्यवस्था छ । सो नियममा "पन्ध्र वर्षसम्म निरन्तर कानून व्यवसाय गरेका सर्वोच्च अदालत बार एशोसिएशनका सदस्यहरुमध्ये स्वच्छ छनौट प्रक्रियाबाट योग्य र क्षमताको आधारमा नियुक्ति गरिनेछ । यदी सर्वोच्च अदालत बार एशोसिएशनका सदस्य छनौट प्रक्रियामा भाग नलिएको अवस्थामा १५ वर्षसम्म निरन्तर कानून व्यवसाय गरेका अन्य बार एशोसिएशनका सदस्यहरुमध्ये स्वच्छ छनौट प्रक्रियाबाट योग्य र क्षमताका आधारमा नियुक्ति गरिनेछ" भनी संशोधनसहित व्यवस्था गर्नका लागि सम्माननीय कायममुकायम प्रधानन्यायाधीशसमक्ष २०७८ साल चैत १० गते लिखितरुपमा आग्रह गरिएको छ ।

**३. महाअभियोगसम्बन्धी आवश्यक कागज प्रमाण पेश गरिएकोसम्बन्धमा :**

तत्कालीन अवस्थामा निलम्बित प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा उपर नेपालको संविधानको धारा १०१ को उपधारा (२) तथा प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६१ बमोजिम प्रतिनिधि सभाका एक चौथाई भन्दाबढी सदस्यहरुले महाअभियोग प्रस्ताव पेश गर्नुभएकोमा सो महाअभियोग प्रस्ताव सम्बन्धमा नेपालको संविधानको धारा १०१ को उपधारा (३) र (४) तथा प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६२ बमोजिमको प्रतिनिधिसभाबाट गठित महाअभियोग सिफारिस समितिको २०७९ भदौ ८ गतेको बैठकले महाअभियोग लगाइएको आरोपसँग सम्बन्धित कागजात, विवरण तथा जानकारी माग गर्ने निर्णय गरी सोबमोजिम उक्त समितिद्धारा यस बार एशोसिएशनसमक्ष पत्राचार गरिएको थियो । तत्पश्चात २०७९ साल भदौ १२ गते यस बारको कार्यसमितिको बैठकको निर्णयबमोजिम महाअभियोग सिफारिस समितिसमक्ष सोही मितिमा आवश्यक कागज प्रमाण पेश गरियो । साथै यस बार एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता पूर्ण मान शाक्य, वरिष्ठ अधिवक्ताहरु शम्भु थापा, हरिहर दाहाल, चण्डेश्वर श्रेष्ठ, रमन कुमार श्रेष्ठ र अधिवक्ताहरु लीलामणि पौडेल, ओम प्रकाश अर्यालले महाअभियोग सिफारिस समितिसमक्ष उपस्थित भई निलम्बित प्रधानन्यायाधीशलाई महाअभियोग लगाउनु पर्नेको कारण बारे प्रमाणसहित धारणा प्रस्तुत गर्नु भएको थियो ।

४. **लेक्चर सिरिज कार्यक्रमसम्बन्धमा :**

यस बार एशोसिएशनद्वारा देहायबमोजिम लेक्चर सिरिज कार्यक्रम आयोजना गरिएको थियो ।

| क्र.स | मिति | विषय | प्रस्तुतकर्ता |
|---|---|---|---|
| १. | २०७८ साल चैत ७ | Negligence and Tort Liability legal issues | वरिष्ठ अधिवक्ता डा. नारायण प्रसाद घिमिरे |
| २. | २०७९ साल बैशाख ९ र २०७९ साल असार ३ | Intrenet governance, Cyber Crime and related legal issues | वरिष्ठ अधिवक्ता सतीशकृष्ण खरेल |
| ३. | २०७९ साल असार १७ | *थुनछेक र बन्दीप्रत्यक्षीकरण* | सर्वोच्च अदालतका पूर्व न्यायाधीश बलराम के.सी. |
| ४. | २०७९ साल असार २४ | Construction Dispute Resolutionin Nepal an Experience from UK | अधिवक्ता डा. योग उपाध्याय |
| ५. | २०७९ साल साउन २० | *जबरजस्ती करणी सम्बन्धी कानून, व्यवहार र यसका चुनौतीहरु* | वरिष्ठ अधिवक्ता लभकुमार मैनाली |
| ६. | २०७९ साल भदौ १० | *Constitutional Morality* | माननीय न्यायाधीश ईश्वरप्रसाद खतिवडा |
| ७. | २०७९ साल भदौ १७ | *विदेशी लगानी सम्बन्धी कानून-व्यवस्था र व्यवहार* | वरिष्ठ अधिवक्ता महेश कुमार थापा |
| ८. | २०७९ साल भदौ ३१ | *सङ्गठित अपराध: सिद्धान्त र यसको प्रयोग* | अधिवक्ता डा. कुन्साङ लामा |
| ९. | २०७९ साल कात्तिक २३ | *चेक अनादर : कानूनी व्यवस्था, अभ्यास तथा निकास* | अधिवक्ता डा. अवतार न्यौपाने |
| १०. | २०७९ साल मंसिर १६ | *Citizenship Issues in the Context of Nationality, Equality and Statelessness in Nepal An International Practice* | वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली |
| ११. | २०७९ पुस १ | *Medico-Legal Evidences* | प्रा.डा. अधिवक्ता हरिहर वस्ती |

उल्लेखित विषयमा प्रस्तुतीकरण गर्नुहुने प्रस्तुतकर्ताज्यूहरुलाई Token of Appreciation सहित धन्यवाद ज्ञापन गरियो ।

सर्वोच्च अदालत बार एशोसिएशन काठमाण्डौं

सर्वोच्च अदालत बार एशोसिएशनको २०७९ साल बैसाख ४ गतेको निर्णयबमोजिम उल्लेखित लेक्चर सिरज तथा पहिलो साधारणसभा हुनुभन्दा अगाडि अधिवक्ता डा. भीमार्जुन आचार्यद्वारा Concept of Judicial Review विषयमा प्रस्तुत गर्नुभएको लेक्चरसमेतलाई सर्वोच्च अदालत बार एशोसिएशनको youtube च्यानल Supreme Court Bar Association Nepal मा राख्ने व्यवस्था मिलाइएको छ ।

**५. कानून दिवसको उपलक्ष्यमा आयोजित कार्यक्रमसम्बन्धमा :**

यस बार एशोसिएशनद्वारा निवर्तमान सम्माननीय कायम मुकायम प्रधानन्यायाधीश श्री दीपककुमार कार्कीज्यूको प्रमुख आतिथ्यतामा कानून दिवस, २०७९ को उपलक्ष्यमा २०७९ साल बैशाख २६ गते *"विधिको शासन र यसका चुनौती" विषयक एक दिवसीय गोष्ठीको* आयोजना गरियो ।

**६. नेपाल राष्ट्र बैंकको सहयोगमा आयोजित छलफल कार्यक्रमसम्बन्धमा :**

नेपाल राष्ट्र बैंकको सहयोगमा राष्ट्र बैंक तथा सर्वोच्च अदालत बार एशोसिएशनको संयुक्त आयोजनामा २०७९ साल मंसिर ९ गते काठमाडौंमा *"बैंकिङ्ग कानून र त्यसको परिपालना : समस्या र समाधानहरु"* विषयक एक दिवसीय छलफल कार्यक्रमको आयोजना गरियो ।

**७. विपश्यना ध्यानसम्बन्धी अभिमुखीकरण कार्यक्रमसम्बन्धमा :**

यस बार एशोसिएशनको आयोजना र नेपाल विपश्यना केन्द्र धर्मश्रृङ्ग, मुहान पोखरी, बुढानीलकण्ठको सहकार्यमा २०७९ साल भदौ ११ गते शनिबारका दिन बिहान ८:३० बजेदेखि चार घण्टे विपश्यना (Vipassana Meditation) ध्यानसम्बन्धी अभिमुखीकरण (Orientation) कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु, न्याय परिषद्का माननीय सदस्यहरु एवम् यस बार एशोसिएशनका वरिष्ठ अधिवक्ता, अधिवक्ताहरुको सहभागिता रहेको थियो ।

**८.उच्च तथा जिल्ला अदालतका न्यायाधीश नियुक्ति प्रकृयासम्बन्धी निर्देशिकाको सुझाव पेश गरेकोसम्बन्धमा :**

उच्च तथा जिल्ला अदालतका न्यायाधीश नियुक्ति प्रक्रियासम्बन्धी निर्देशिकाको मस्यौदा माथि सुझावका लागि न्यायपरिषद्बाट यस बार एशोसिएशनसमक्ष २०७९ साल बैसाख २७ गते पत्राचार भएको थियो ।

तत्पश्चात कार्यसमितिको २०७९ साल जेठ ५ गतेको बैठकबाट देहायबमोजिमको अध्ययन समिति गठन गरी कार्यसमितिसमक्ष सुझाव सहितको प्रतिवेदन पेश गर्न जिम्मेवारी दिइएको थियो ।

१) वरिष्ठ अधिवक्ता श्याम प्रसाद खरेल -संयोजक
२) वरिष्ठ अधिवक्ता राघवलाल वैद्य -सदस्य
३) वरिष्ठ अधिवक्ता सतीशकृष्ण खरेल -सदस्य
४) वरिष्ठ अधिवक्ता प्रा. गुणनिधि न्यौपाने -सदस्य
५) अधिवक्ता अनन्तराज लुइँटेल -सदस्य-सचिव

सर्वोच्च अदालत बार एशोसिएशन
४
काठमाण्डौं

उक्त समितिद्वारा कार्यसमितिसमक्ष बुझाएको प्रतिवेदनलाई कार्यसमितिको २०७९ साल जेठ १७ गतेको बैठकबाट आवश्यक परिमार्जन गरी न्यायपरिषद्समक्ष सुझाव पेश गरिएको थियो ।

**९.संहिता, ऐन तथा नियमावली उपर सुझाव पेश गरेकोसम्बन्धमा :**

मुलुकी देवानी संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४, मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ र मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४, फौजदारी कसूर (सजाय निर्धारण कार्यान्वयन) ऐन, २०७४ तथा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ उपर अध्ययन गरी सुधार गर्नुपर्ने विषयहरुको पहिचानसहित प्रतिवेदन पेस गर्न सर्वोच्च अदालतबाट यस बार एशोसिएशनसंग सुझावका लागि २०७९ साल मंसिर ८ गते पत्राचार भएको थियो ।

तत्पश्चात यस बार एशोसिएशन कार्यसमितिको २०७९ साल मंसिर १२ गतेको बैठकबाट देहाय बमोजिमको अध्ययन समिति गठन गरी कार्यसमितिसमक्ष सुझाव सहितको प्रतिवेदन पेश गर्न जिम्मेवारी दिइएको थियो ।

**अध्ययन समिति** :- (मुलुकी देवानी संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता २०७४ मुलुकी देवानी कार्यविधि नियमावली, २०७५)

| | |
|---|---|
| १) वरिष्ठ अधिवक्ता श्याम प्रसाद खरेल | -संयोजक |
| २) वरिष्ठ अधिवक्ता हरिहर दाहाल | -सदस्य |
| ३) वरिष्ठ अधिवक्ता मुकुन्द शर्मा पौडेल | -सदस्य |
| ४) वरिष्ठ अधिवक्ता यदुनाथ खनाल | -सदस्य |
| ५) वरिष्ठ अधिवक्ता विश्वप्रकाश सिग्देल | -सदस्य |
| ६) अधिवक्ता शान्तिदेवी खनाल | -सदस्य |
| ७) अधिवक्ता जगदीशचन्द्र पाण्डे | -सदस्य-सचिव |

**अध्ययन समिति** :-(मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४, फौजदारी कसूर (सजाय निर्धारण कार्यान्वयन) ऐन, २०७४ तथा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५)

| | |
|---|---|
| १) वरिष्ठ अधिवक्ता लभ कुमार मैनाली | -संयोजक |
| २) वरिष्ठ अधिवक्ता कृष्ण प्रसाद सापकोटा | -सदस्य |
| ३) वरिष्ठ अधिवक्ता नरेन्द्र प्रसाद पाठक | -सदस्य |
| ४) अधिवक्ता सरिता शर्मा | -सदस्य |
| ५) अधिवक्ता रविन्द्र भट्टराई | -सदस्य |
| ६) अधिवक्ता कमलप्रसाद इटनी | -सदस्य |
| ७) अधिवक्ता डा. कुन्साङ लामा | -सदस्य-सचिव |

सर्वोच्च अदालत बार एशोसिएशन काठमाण्डौं Supreme Court Bar Association

उक्त समितिद्वारा कार्यसमितिसमक्ष बुझाएको प्रतिवेदनलाई कार्यसमितिको २०७९ साल पुस ११ गतेको बैठकबाट अनुमोदन गरी सुझावसहितको प्रतिवेदन सर्वोच्च अदालतसमक्ष बुझाइएको थियो ।

**१०.बधाई तथा शुभकामना कार्यक्रमसम्बन्धमा :**

१०.१ यस बार एशोसिएशनद्वारा नव वर्ष २०७९ सालको शुभ-उपलक्ष्यमा २०७८ साल चैत ३० गते कानून व्यवसायीहरुबीच एकआपसमा शुभकामना आदान-प्रदान तथा चियापान कार्यक्रमको आयोजना गरियो ।

१०.२ विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् तथा छठ पर्व २०७९ को उपलक्ष्यमा २०७९ साल असोज ९ गते शुभकामना आदान-प्रदान तथा चियापान कार्यक्रमको आयोजना गरिएको थियो । साथै सोहीदिन सम्मानित सर्वोच्च अदालतको २०७९ साल असार २९ गतेको पूर्ण बैठकको निर्णयानुसार वरिष्ठ अधिवक्ताको उपाधि प्राप्त गर्नुहुने यस बार एशोसिएशनका ६४ जना सदस्यहरुलाई बधाई तथा शुभकामना ज्ञापन गरियो ।

१०.३ यस बार एशोसिएशनका सदस्य गोबिन्दप्रसाद शर्मा (कोइराला) नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रीमा नियुक्त हुनुभएकोमा २०७९ साल बैशाख १६ गते कार्यक्रम आयोजना गरी उहाँलाई बधाई ज्ञापन गर्दै सफलताका लागि शुभकामना प्रदान गरियो ।

१०.४ यस बार एशोसिएशनका सदस्य डा. दीनमणि पोखरेल नेपालका महान्यायाधिवक्तामा नियुक्त हुनु भएकोमा २०७९ साल पुस २० गते कार्यक्रमको आयोजना गरी उहाँलाई बधाई ज्ञापन गर्दै सफलताका लागि शुभकामना प्रदान गरियो ।

**११. कार्यक्रमहरुमा सहभागितासम्बन्धमा :-**

११.१ नेपाल कानून आयोगले २०७८ साल चैत २ गते काठमाडौमा आयोजना गरेको मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को संशोधन विधेयकको प्रारम्भिक मस्यौदा उपर छलफल कार्यक्रममा भाग लिन यस बारको तर्फबाट वरिष्ठ अधिवक्ता तीर्थराज बसौला र अधिवक्ता अनीता मानन्धर जोशीलाई मनोनयन गरी पठाइएको थियो ।

११.२ राष्ट्रिय न्यायिक प्रतिष्ठानले २०७९ साल बैशाख १२ देखि १४ गतेसम्म बाणिज्य कानून विषयमा आयोजना गरेको तीन दिने प्रशिक्षण कार्यक्रममा भाग लिन यस बार एशोसिएशनको तर्फबाट अधिवक्ता मदन कुमार महत र अधिवक्ता छविलाल घिमिरेलाई मनोनयन गरी पठाइएको थियो ।

११.३ २०७९ साल बैशाख १६ गते सर्वोच्च अदालतले आयोजना गरेको सर्वोच्च अदालतको पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधी मूल्यांकन, परामर्श तथा समीक्षा

सर्वोच्च अदालत बार एशोसिएशन
काठमाण्डौ

कार्यक्रममा भाग लिन यस बारको तर्फबाट वरिष्ठ अधिवक्ता सुरेन्द्र बहादुर थापा र अधिवक्ता शुभनराज आचार्यलाई मनोनयन गरी पठाइएको थियो ।

११.४ नेपाल कानून आयोगले २०७९ साल जेठ २७ गते काठमाडौमा आयोजना गरेको कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ को संशोधन विधेयकको प्रारम्भिक मस्यौदामाथि भएको छलफल कार्यक्रममा भाग लिन यस बारको तर्फबाट अधिवक्ता बल बहादुर राईलाई मनोनयन गरी पठाइएको थियो ।

११.५ सर्वोच्च अदालत मुद्दा व्यवस्थापन समितिले मुद्दाको बक्यौता न्यूनीकरण गर्न अबलम्बन गर्न सकिने रणनीतिका सम्बन्धमा तयारगरेको कार्ययोजना सम्बन्धमा २०७९ साल असार १० गते महान्यायाधिवक्ताको कार्यालयको सभाहलमा आयोजना गरेको छलफल कार्यक्रममा देहायबमोजिमका यस बार एशोसिएशनका कार्यसमितिका पदाधिकारी, वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरुको सहभागिता रहेको थियो ।

१. अध्यक्ष वरिष्ठ अधिवक्ता पूर्ण मान शाक्य
२. उपाध्यक्ष अधिवक्ता मुकुन्द प्रसाद पौडेल
३. सचिव अधिवक्ता ऋषिराम घिमिरे
४. सहसचिव अधिवक्ता शर्मिला श्रेष्ठ
५. कोषाध्यक्ष अधिवक्ता विनोदकुमार कार्की
६. वरिष्ठ अधिवक्ता श्याम प्रसाद खरेल
७. वरिष्ठ अधिवक्ता कोमल प्रकाश घिमिरे
८. वरिष्ठ अधिवक्ता प्रेम बहादुर खड्का
९. वरिष्ठ अधिवक्ता रमन कुमार श्रेष्ठ
१०. वरिष्ठ अधिवक्ता मुक्ति नारायण प्रधान
११. वरिष्ठ अधिवक्ता डा. सुषमा बास्कोटा बराल
१२. वरिष्ठ अधिवक्ता टीकाराम भट्टराई
१३. वरिष्ठ अधिवक्ता मेघराज पोखरेल

११.६ त्रिभुवन विश्वविद्यालय, नेपाल ल क्याम्पसले २०७९ साल असार १६ गते काठमाडौमा आयोजना गरेको "National Seminar on Draft Action Plan on Business and Human Rights and Significance of Including Business and Human Rights Course in the Legal Education" कार्यक्रममा भाग लिन यस बारको तर्फबाट उपाध्यक्ष अधिवक्ता मुकुन्द प्रसाद पौडेल र सचिव अधिवक्ता ऋषिराम घिमिरेले सहभागिता जनाउनु भएको थियो ।

त्यसैगरी सोही क्याम्पसले २०७९ साल असार १७ गते आयोजना गरेको २०७९ सालको वार्षिकोत्सव कार्यक्रममा भाग लिनको लागि यस बारको तर्फबाट अध्यक्ष वरिष्ठ अधिवक्ता पूर्ण मान शाक्य र सचिव अधिवक्ता ऋषिराम घिमिरे सहभागी हुनुभएको थियो ।

सर्वोच्च अदालत बार एशोसिएशन ★ काठमाण्डौ ★ Supreme Court Bar Association

११.७ नेपाल कानून आयोगले २०७९ साल असार २२ गते काठमाडौमा आयोजना गरेको मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को संशोधन विधेयकको प्रारम्भिक मस्यौदा माथि छलफल कार्यक्रममा भाग लिन यस बारको तर्फबाट अधिवक्ता जगदीशचन्द्र पाण्डेलाई मनोनयन गरी पठाइएको थियो ।

११.८ Commericial Law Development Program (CLDP) ले २०७९ साल असार २७ देखि ३१ गतेसम्म *Contract Management Workshop* विषयमा काठमाडौमा आयोजना गरेको कार्यशालामा भाग लिनको लागि यस बार एशोसिएशनको तर्फबाट अधिवक्ता खडानन्द कंडेल र अधिवक्ता दिल कुमारी राईलाई मनोनयन गरी पठाइएको थियो ।

११.९ नेपाल कानून व्यवसायी परिषद् (लयर्स एकेडेमी व्यवस्थापन समिति) ले २०७९ साल साउन १ गतेदेखि लगातार ८ दिनसम्म १० वर्षभन्दा माथिको अनुभव भएका अधिवक्ताहरुलाई संवैधानिक विषयमा विशिष्टिकृत तालिम सञ्चालन गर्ने भएको र उक्त तालिममा यस बारबाट आठ जना अधिवक्ताहरुको नाम छनौट गरी पठाइदिनु भनि नेपाल बार एशोसिएशनबाट पत्राचार भएबमोजिम यस बार एशोसिएशनको तर्फबाट देहायबमोजिमका अधिवक्ताहरुलाई तालिममा पठाइएको थियो ।

१. वरिष्ठ अधिवक्ता नारायणप्रसाद देवकोटा
२. अधिवक्ता विकास भट्टराई
३. अधिवक्ता पुन्देवी महर्जन (सुजना)
४. अधिवक्ता अनन्त कार्की
५. अधिवक्ता सन्तोष बस्नेत
६. अधिवक्ता इन्द्रप्रसाद अर्याल
७. अधिवक्ता भोलानाथ ढुङ्गाना
८. अधिवक्ता कीर्तिनाथ शर्मा पौडेल

उक्त तालिममा यस बार एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता पूर्ण मान शाक्यले सुरुवाती सत्रमा संविधानवादको विषयमा प्रस्तुती गर्नुभएको थियो ।

११.१० संघीय संसद, प्रतिनिधि सभा, कानून न्याय तथा मानव अधिकार समितिले २०७९ साल भदौ २३ गते बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा आयोजना गरेको छलफल कार्यक्रममा भाग लिनको लागि यस बार एशोसिएशनको तर्फबाट अधिवक्ता ओम प्रकाश अर्याललाई पठाइएको थियो ।

११.११ काठमाडौं स्कूल अफ ल बाट माग भएबमोजिम बी.ए. एलएल.बी. पाँचौ वर्षका विद्यार्थीहरुको Trial Advocacy परीक्षाको लागि विषयगत विज्ञताको आधारमा तपशिल

सर्वोच्च अदालत बार एशोसिएशन काठमाण्डौं Supreme Court Bar Association

बमोजिमका सात जना कानून व्यवसायीलाई २०७९ साल भदौ २५ गते मूल्याङ्कनकर्ता मनोनयन गरी पठाइएको थियो ।

१. वरिष्ठ अधिवक्ता सुरेन्द्रकुमार महतो
२. वरिष्ठ अधिवक्ता नमस कार्की
३. अधिवक्ता रविन्द्र भट्टराई
४. अधिवक्ता डा. दीनमणि पोखरेल
५. अधिवक्ता लक्ष्मी पोखरेल
६. अधिवक्ता डा. कुन्साङ लामा
७. अधिवक्ता लक्ष्मीदेवी दाहाल रावल

११.१२ सार्क ल नेपालले २०७९ साल असोज ५ गते Role of Justice Sector on Enhancing Women's Access to Justice in Nepal विषयमा काठमाडौमा आयोजना गरेको कार्यक्रममा भाग लिनको लागि यस बार एशोसिएशनको तर्फबाट अधिवक्ता शर्मिला श्रेष्ठ र अधिवक्ता शान्तिदेवी खनाललाई मनोनयन गरी पठाइएको थियो ।

११.१३ हिमालयन लयर्स एशोसिएट्सले २०७९ साल असोज ११ गते अनलाइन बालयौन दुर्व्यबहारसम्बन्धी सर्वेक्षणबारे काठमाडौमा आयोजना गरेको छलफल कार्यक्रममा भाग लिनको लागि यस बार एशोसिएशनको तर्फबाट अधिवक्ता अमिता गौतमलाई मनोनयन गरी पठाइएको थियो ।

११.१४ सार्क ल नेपालले २०७९ साल असोज ११ गते Access to Justice for Marginalized and Minority in the Federal Structure विषयमा काठमाडौमा आयोजना गरेको छलफल कार्यक्रममा भाग लिनको लागि यस बार एशोसिएशनको तर्फबाट अधिवक्ता दिप नारायण साह र अधिवक्ता डा. रामहरि त्रिपाठीलाई मनोनयन गरी पठाइएको थियो ।

११.१५ पिपुल्स फोरमले २०७९ साल असोज १३ गते प्रो-बोनो कानूनसम्बन्धमा काठमाडौमा आयोजना गरेको छलफल कार्यक्रममा भाग लिनको लागि यस बार एशोसिएशनको तर्फबाट अधिवक्ता नानीबाबु दाहाललाई मनोनयन गरी पठाइएको थियो ।

११.१६ नेपाल बार एशोसिएशन र Commercial Law Development Program बीचको सहकार्यमा २०७९ साल कात्तिक १ र २ गते आयोजित दुई दिने Negotiations Workshop मा भाग लिनको लागि यस बार एशोसिएशनको तर्फबाट अधिवक्ता राजेन्द्र प्रशाद शाह, अधिवक्ता अनन्त कार्की र अधिवक्ता डा. रामहरि त्रिपाठीलाई मनोनयन गरी पठाइएको थियो ।

११.१७ राष्ट्रिय न्यायिक प्रतिष्ठान नेपालद्वारा २०७९ साल कार्तिक १६ देखि १८ गतेसम्म साईबर कानूनसम्बन्धी प्रशिक्षण कार्यक्रममा भाग लिनको लागि यस बार एशोसिएशनको तर्फबाट वरिष्ठ अधिवक्ता सुजन लोप्चन र अधिवक्ता राम बहादुर राउत (मातृदास) लाई मनोनयन गरी पठाइएको थियो ।

११.१८ नेपाल बार एशोसिएशन र इन्टरनेशनल कमिशन अफ जुरिष्टले २०७९ साल कार्तिक १८ र १९ गते Workshop for Lawyers on Eliminating Gender Discriminatory Attitudes & Behaviors towards Women Enhancing Access to Justice for Women Nepal विषयमा काठमाडौंमा आयोजना गरेको छलफल कार्यक्रममा भाग लिनको लागि यस बार एशोसिएशनको तर्फबाट अधिवक्ता शोभा कार्की र अधिवक्ता देवी रेग्मीलाई मनोनयन गरी पठाइएको थियो ।

११.१९ राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा २०७९ साल मंसिर १९ र २० गते आयोजित दुई दिने संहिता कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि कानून विज्ञको भूमिकासम्बन्धी अन्तरक्रिया कार्यक्रममा भाग लिनको लागि यस बार एशोसिएशनको तर्फबाट अधिवक्ता अनीता मानन्धर जोशी र अधिवक्ता वीरेन्द्र महर्जनलाई मनोनयन गरी पठाइएको थियो ।

११.२० नेपाल बार एशोसिएशनले युएनडिपीसँगको सहकार्यमा प्रो-बोनो सम्बन्धी निर्देशिका २०७५ माथि आवश्यक पुनरावलोकन गर्न २०७९ साल मंसिर २२ गते आयोजना गरेको परामर्श बैठकमा भाग लिन यस बार एशोसिएशनको तर्फबाट उपाध्यक्ष अधिवक्ता मुकुन्द प्रसाद पौडेललाई मनोनयन गरी पठाइएको थियो ।

११.२१ नेपाल बार एशोसिएशनले Commercial Law Development Program सँगको सहकार्यमा २०७९ साल मंसिर २७ देखि २९ गतेसम्म मध्यस्थतासम्बन्धी कार्यक्रममा भाग लिन यस बार एशोसिएशनको तर्फबाट वरिष्ठ अधिवक्ता सुरेश कुमार पौडेल र अधिवक्ता ज्ञानेन्द्र बहादुर कुँवरलाई मनोनयन गरी पठाइएको थियो ।

११.२२ २०७९ साल साल पुस ८ देखि १० गतेसम्म भएको सरकारी वकीलहरुको चौथो राष्ट्रिय सम्मेलनमा पर्यवेक्षकको रुपमा यस बार एशोसिएशनको तर्फबाट पूर्व अध्यक्ष वरिष्ठ अधिवक्ता नरहरि आचार्यलाई प्रतिनिधि मनोनयन गरी पठाइएको थियो ।

११.२३ नेपाल बार एशोसिएशन र युएनडिपीको सहकार्यमा २०७९ साल पुस १० गते भएको स्वेच्छिक नि:शुल्क कानूनी सेवासम्बन्धी निर्देशिका, २०७५ को पुनरावलोकन बैठकमा भाग लिन यस बार एशोसिएशनको तर्फबाट अधिवक्ता विकास भट्टराईलाई मनोनयन गरी पठाइएको थियो ।

**१२. विज्ञप्ति तथा ध्यानाकर्षणसम्बन्धमा :-**

**१२.१ बाराको निजगढमा निर्माणाधीन अन्तर्राष्ट्रिय विमानस्थलको सम्बन्धमा :**

सम्मानित सर्वोच्च अदालतको बृहत् पूर्ण इजलासबाट बाराको निजगढमा निर्माणाधीन अन्तर्राष्ट्रिय विमानस्थलको कार्य रोकी विकल्प खोज्न २०७९ साल जेठ १२ गते जारी भएको आदेशउपर सरकार, संसदीय समिति र राजनीतिक दलको नेतृत्वबाट भएको अस्वस्थ आलोचना र टिप्पणीप्रति भर्त्सना गरी २०७९ साल जेठ २३ गते विज्ञप्ति प्रकाशित गरिएको थियो ।

सर्वोच्च अदालत बार एशोसिएशन काठमाण्डौं

**१२.२ News24 टेलिभिजनमार्फत सार्वजनिक भएको अडियो रेकर्ड संवादसम्बन्धमा :**

नेपाल सरकारविरुद्ध इच्छाराज तामाङ भएको ठगी मुद्दाको थुनछेक आदेश सम्बन्धमा काठमाडौं जिल्ला अदालतका माननीय न्यायाधीश राजकुमार कोईराला र अधिवक्ता रुद्रप्रसाद पोखेलबीच न्यायमा बिचलन गर्नेगरी भएको रेकर्डेड अडियो २०७९ साल असार ७ गते News24 टेलिभिजनमार्फत सार्वजनिक भएको थियो । उक्त रेकर्डेड अडियो संवादले न्यायालय र कानून व्यवसायमाथि नै आघात पुऱ्याएकोले सोघटनाको यथाशीघ्र छानविन गरी सत्यतथ्य पत्ता लगाई उक्त अवाञ्छित, अमर्यादित र अनुचित कार्यमा संलग्न व्यक्तिप्रति आवश्यक कारवाहीका लागि सम्बन्धित निकायसमक्ष आग्रह गरी २०७९ साल असार ८ गते विज्ञप्ति प्रकाशित गरिएको थियो ।

**१२.३ ध्यानाकर्षणसम्बन्धमा :**

नेपाल सरकार मन्त्रिपरिषद्ले २०७९ साल असोज ३ गते ६ महिनाभन्दा बढी अवधी काम गरेका का.मु प्रधानन्यायाधीशलाई प्रधानन्यायाधीशसरह नै सेवा सुविधा प्रदान गर्नेगरी निर्णय गरेको थियो । प्रचलित नेपाल कानूनले अख्तियारी नै नदिएको विषयमा मन्त्रिपरिषद्ले गरेको सो निर्णय शक्तिपृथकीकरणको सिद्धान्त, स्वतन्त्र न्यायपालिकाको अवधारणा, सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर र विद्यमान कानूनी व्यवस्थाको प्रतिकूल रहेकोले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, का.मु. प्रधानन्यायाधीश तथा न्यायपरिषद्समक्ष २०७९ साल कात्तिक २५ गते लिखित रुपमा ध्यानाकर्षण गरिएको थियो ।

**१२.४ मन्त्रिपरिषद्बाट मुलुकी फौजदारी कार्यविधि संहितामा संशोधन अध्यादेश जारी गर्ने निर्णयसम्बन्धमा :**

सरकारले ताजा जनमत र आफ्नो कानूनी हैसियतको समेत ख्यालै नगरी गम्भीर प्रकृतिका मुद्दा फिर्ता लिने उद्देश्यले मुलुकी फौजदारी कार्यविधि संहितामा संशोधन अध्यादेश जारी गर्ने निर्णय तथा सोबमोजिम प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेस गरेको अध्यादेश अविलम्ब फिर्ता गरी संवैधानिक सर्वोच्चता, विधिको शासन कायम गर्न नेपाल सरकारसमक्ष आग्रह गरी २०७९ साल मंसिर २७ गते विज्ञप्ति प्रकाशित गरिएको थियो ।

**१३. सर्वोच्च अदालत बार एशोसिएशनको भवन निर्माणका लागि जग्गा प्राप्तिसम्बन्धमा :**

सर्वोच्च अदालत भवनभित्रको एउटा कोठामा कार्यालय राखी २०३० सालबाट सुरु गरेको सर्वोच्च अदालत बार एशोसिएशन २०५१ सालदेखि नेपाल बार एशोसिएशनको भूइँ तलामा अवस्थित छ । हाल यस बार एशोसिएशनमा २ सय ५९ वरिष्ठ अधिवक्ता र ३ सय ६३ जना अधिवक्ता गरी जम्मा ६२२ जना सदस्यहरु रहनु भएको छ । सदस्य संख्याको अनुपातमा नेपाल बार एशोसिएशनले उपलब्ध गराएको भूइँ तलामा कानून व्यवसायीको हक-हित, मर्यादा एवम् वृत्तिविकासका कार्य गर्न, कार्यसमितिको बैठक बस्न, कार्यालय सञ्चालन गर्न, पुस्तकालय सञ्चालन गर्न, सदस्यहरुको लागि अध्ययन अनुसन्धान कक्ष र पार्किङ्गको अभाव रहेको छ ।

सर्वोच्च अदालत बार एशोसिएशन काठमाडौं Supreme Co

राज्यका प्रत्येक अदालतमा पहरेदार बारको आफ्ना छुट्टाछुट्टै भवनहरु बनिसकेका छन् तर सर्वोच्च अदालतसँगै आवद्ध भएर कार्यसञ्चालन गर्नुपर्ने पहरेदार यस बार एशोसिएशनको आफ्नो छुट्टै भवन नभएको हुँदा हाल सर्वोच्च अदालत परिसरको पश्चिमतर्फ बार एशोसिएशनलाई भनी छुट्टयाइएको जग्गा सर्वोच्च अदालत बार एशोसिएशनलाई उपलब्ध गराईदिनु हुन सम्मानित श्री सर्वोच्च अदालतसमक्ष लिखित पत्राचार गरिदिनु भनी नेपाल बार एशोसिएशनसमक्ष २०७९ असोज २५ गते लिखित आग्रह गरिएको थियो ।

तत्पश्चात मिति २०७९ साल पुष १८ गते नेपाल बार एशोसिएशन पदाधिकारी र सर्वोच्च अदालत बार एशोसिएशन पदाधिकारी तथा कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीबीच संयुक्त बैठक बसेको थियो । का.मु प्रधानन्यायाधीशले सर्वोच्च अदालत परिसरको पश्चिमतर्फ बार एशोसिएशनलाई भनी छुट्टयाइएको जग्गा सर्वोच्च अदालत बार एशोसिएशनलाई उपलब्ध गराउने प्रतिबद्धता ब्यक्त गर्नुभएको छ । सो प्रतिवद्धतालाई नेपाल बार एशोसिएशनको नेतृत्वले सहमति जनाएको छ ।

**१४. सदस्यता प्रदानसम्बन्धमा :**

यस बारको सदस्यता प्राप्तिको लागि आवेदन दिनुहुने देहायबमोजिमका कानून व्यवसायीलाई सदस्य सिफारिस समितिबाट सिफारिस भई कार्यसमितिको निर्णयबमोजिम नियमानुसार सदस्यता प्रदान गरिएको छ ।

| क .स | नाम | प्र.प.स. |
|---|---|---|
| १. | वरिष्ठ अधिवक्ता प्रमोद कुमार भट्टराई | ५७५ |
| २. | अधिवक्ता युवराज सुवेदी | १७३२ |
| ३. | अधिवक्ता विद्याकान्त अधिकारी | ३९७७ |
| ४. | अधिवक्ता हेमकुमार श्रेष्ठ | ४३२८ |
| ५. | अधिवक्ता सगिना शाक्य | ४६०९ |
| ६. | अधिवक्ता ललितबहादुर बस्नेत | ५४३३ |
| ७. | अधिवक्ता भोजराज आचार्य | ५४४४ |
| ८. | अधिवक्ता उत्तमराज पाठक | ५४७७ |
| ९. | अधिवक्ता भीमप्रसाद ढकाल | ५५५७ |
| १०. | अधिवक्ता पदमबहादुर रोका | ५९१७ |
| ११. | अधिवक्ता प्रमोद रेग्मी | ६७९१ |
| १२. | अधिवक्ता कमला रोका (गिरी) | ६८४५ |
| १३. | अधिवक्ता रामबहादुर राउत (मातृदास) | ६९७१ |
| १४. | अधिवक्ता दलबहादुर धामी | ७०१३ |

| | | |
|---|---|---|
| १५. | अधिवक्ता रामप्रसाद प्रजापती | ७५५२ |
| १६. | अधिवक्ता वीरेन्द्र महर्जन | ७५७९ |
| १७. | अधिवक्ता प्रसन्न कृष्ण दास | ७६७१ |
| १८. | अधिवक्ता प्रभाकर श्रेष्ठ | ७६९२ |
| १९. | अधिवक्ता सुमनकुमार के.सी | ८३६१ |
| २०. | अधिवक्ता सानुमैयाँ डंगोल | ८४३९ |
| २१. | अधिवक्ता लक्ष्मीदेवी रावल | १००२८ |
| २२. | अधिवक्ता कमलप्रसाद इटनी | १०१२२ |
| २३. | अधिवक्ता ध्रुव कोइराला | १०७९६ |
| २४. | अधिवक्ता बद्रीराज भट्ट | १११८० |
| २५. | अधिवक्ता रमण कुमार कर्ण | ११८१५ |
| २६. | अधिवक्ता शशी बस्नेत | १२८५७ |

**१५ प्रकाशन सम्बन्धमा :**

**१५.१ डायरी, क्यालेण्डर र पकेट डायरी प्रकाशनसम्बन्धमा :**

२०७९ सालको डायरी, क्यालेण्डर र पकेट डायरी निर्धारित समयमा प्रकाशन भई वितरण भईसकेको छ ।

**१५.२ सर्वोच्च बार जर्नल प्रकाशनसम्बन्धमा :**

सर्वोच्च बार जर्नल अंक १७ नेपाली र अंग्रेजी प्रकाशन भई वितरण भई सकेको छ। हाल अंक २० समेत प्रकाशन भईसकेको छ। उक्त जर्नलहरुमा लेखरचना उपलब्ध गराउनु हुने सवै विद्वान लेखकहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। उल्लेखित दुबै अंक सम्पादन गर्नुहुने सम्पादक मण्डलका सदस्यहरु अधिवक्ता विकास भट्टराई, अधिवक्ता भीमनाथ घिमिरे, अधिवक्ता अनन्तराज लुईटेल, अधिवक्ता विष्णु बस्याल, अधिवक्ता नानीबाबु दाहाल र अधिवक्ता सदिप खरेलप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । साथै दुबै अंक छपाईका लागि आर्थिक सहयोग प्रदान गर्ने संस्थागत सुधारमार्फत न्यायमा पहुँच अभिबृद्धि परियोजना युएनडिपीप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

**१५.३ कानून शताब्दी पुरुष कृष्ण प्रसाद भण्डारी विशेषाङ्क प्रकाशनसम्बन्धमा :**

नेपाल बार एशोसिएशनका पूर्वअध्यक्ष एवम् यस बार एशोसिएशनका सदस्य वरिष्ठ अधिवक्ता कृष्ण प्रसाद भण्डारीको जीवनीसम्बन्धी विशेषाङ्क प्रकाशन गर्नका लागि कार्यसमितिको २०७७ साल चैत ४ गतेको निर्णयानुसार देहायबमोजिम समिति गठन गरिएको थियो ।

सर्वोच्च अदालत बार एशोसिएशन काठमाण्डौ Supreme Court Bar Association

१) वरिष्ठ अधिवक्ता श्रीहरि अर्याल -संयोजक
२) वरिष्ठ अधिवक्ता लक्ष्मी प्रसाद उप्रेती -सह-संयोजक
३) अधिवक्ता विकास भट्टराई -सदस्य-सचिव
४) अधिवक्ता कीर्तिनाथ शर्मा पौडेल -सदस्य
५) अधिवक्ता तारा प्रकाश पौडेल -सदस्य
६) अधिवक्ता विष्णु माया भुसाल -सदस्य
७) अधिवक्ता रत्न कुमार खरेल -सदस्य

सो समितिले आफ्नो कार्य सम्पादन गरी २०७९ साल भदौ २७ गते **"कानून शताब्दी पुरुष कृष्ण प्रसाद भण्डारी"** नामक पुस्तकको पाण्डुलिपि कार्यसमिति समक्ष बुझाएको थियो । उक्त पुस्तक आजैका दिन लोकार्पण गरिएको छ ।

प्रकाशन समितिमा रही कार्य सम्पादन गर्नुहुने संयोजक, सहसंयोजक, सदस्यसचिव लगायत सदस्यहरुप्रति सर्वोच्च अदालत बार एशोसिएशन हार्दिक धन्यवाद ज्ञापन गर्दछ । साथै, उक्त विशेषाङ्क प्रकाशन गर्न स्वैच्छिक आर्थिक सहयोग गर्नुहुने यस बार एशोसिएशनका सदस्यहरुप्रति सर्वोच्च अदालत बार एशोसिएशन हार्दिक आभार प्रकट गर्दछ ।

**१५.४ वासुदेव ढुङ्गाना स्मारिका प्रकाशनसम्बन्धमा :-**

नेपाल बार तथा सर्वोच्च अदालत बार एशोसिएशनका पूर्वअध्यक्ष वरिष्ठ अधिवक्ता स्व.वासुदेव ढुङ्गानाले न्याय र कानूनी क्षेत्रमा पुऱ्याउनु भएको योगदानका सम्बन्धमा आवश्यक अनुसन्धान गरी उहाँको स्मारिका प्रकाशन गर्नका लागि कार्यसमितिको २०७७ साल चैत ४ गतेको निर्णयानुसार देहायबमोजिम समिति गठन गरिएको थियो ।

१) वरिष्ठ अधिवक्ता हरिशङ्कर निरौला -संयोजक
२) वरिष्ठ अधिवक्ता विजय प्रसाद मिश्र -सह-संयोजक
३) अधिवक्ता नानीबाबु दाहाल -सदस्य-सचिव
४) अधिवक्ता संगिताबाबा चापागाई दाहाल -सदस्य
५) अधिवक्ता राजु प्रसाद चापागाईं -सदस्य
६) अधिवक्ता तेजनाथ धमला -सदस्य
७) अधिवक्ता अनन्तराज लुइँटेल -सदस्य
८) अधिवक्ता कल्याण पोखरेल -सदस्य
९) अधिवक्ता ओम प्रकाश अर्याल -सदस्य

सो समितिले आफ्नो कार्य सम्पादन गरी २०७९ साल मंसिर १९ गते **"वासुदेव ढुङ्गाना स्मारिका"** नामक पुस्तकको पाण्डुलिपि कार्यसमितिसमक्ष बुझाएको थियो । उक्त पुस्तक आजैका दिन लोकार्पण गरिएको छ ।

सर्वोच्च अदालत बार एशोसिएशन
काठमाडौं
Supreme Court Bar Association

प्रकाशन समितिमा रही कार्य सम्पादन गर्नुहुने संयोजक, सहसंयोजक, सदस्यसचिव लगायत सदस्यहरुप्रति सर्वोच्च अदालत बार एशोसिएशन हार्दिक धन्यवाद ज्ञापन गर्दछ। साथै स्मारिका छपाईका लागि आर्थिक सहयोग प्रदान गर्नुहुने वासुदेव ढुङ्गाना परिवारप्रति सर्वोच्च अदालत बार एशोसिएशन हार्दिक आभार प्रकट गर्दछ।

**१५.५ सचित्र डायरी प्रकाशनसम्बन्धमा**

यस बारका सदस्यज्यूहरुको सचित्र डायरी प्रकाशन गर्नका लागि २०७७ साल माघ १८ गतेको कार्यसमितिको निर्णय अनुसार देहायबमोजिमको समिति गठन गरिएको थियो।

| | |
|---|---|
| १) अधिवक्ता श्री ऋषिराम घिमिरे | -संयोजक |
| २) अधिवक्ता डा. रामहरि त्रिपाठी | -सदस्य |
| ३) अधिवक्ता निर्मला भण्डारी गौतम | -सदस्य |

यसरी सचित्र डायरी प्रकाशन गर्नको लागि समिति गठन गरिएको भएतापनि कार्यसमितिको २०७९ साल साउन १५ गतेको बैठकबाट सदस्यज्यूहरुको तस्विरसहितको वैयक्तिक विवरण विद्युतीय प्रविधिमैत्री बनाउने निर्णय भएबमोजिम यस बारका सदस्यज्यूहरुको तस्विरसहितको वैयक्तिक विवरण (Electronic Profile) यस बारको वेभ साइटमा राख्नेक्रम जारी छ। सोको पूर्णताका लागि यस बारका सदस्यज्यूहरुले आफ्नो बैयक्तिक विवरण यस बार एशोसिएशनको इ-मेल ठेगानामा पठाई सहयोग गरिदिनुहुनेछ भन्ने अपेक्षा गरेको छु।

**१६. अक्षय कोषको स्थापनासम्बन्धमा :**

यस बार एशोसिएशनका सदस्य वरिष्ठ अधिवक्ता अवधेश कुमार सिंहले उहाँको पिताजी वरिष्ठ अधिवक्ता स्व. कुञ्ज विहारी प्रसाद सिंहका नाममा "स्व. कुञ्ज विहारी प्रसाद सिंह सम्मान पुरस्कार" रु. ५,००,०००।- (पाँच लाख) को अक्षय कोष स्थापना गरी पाउँ भनि यस बारसमक्ष निवेदन दिनुभएको थियो। निवेदकको मागबमोजिम नेपालको देवानी कानूनमा समय सापेक्ष सुधार, अन्वेषण लेखलगायतका कार्यमा विशिष्ट योगदान पुऱ्याउने कुनै व्यक्ति वा संस्थालाई सर्वोच्च अदालत बार एशोसिएशनको वार्षिक साधारणसभामा दुई वर्षमा एक पटक रु.५१,०००।- (एकाउन्न हजार) नगद पुरस्कार प्रदान गर्नेगरी २०७९ साल जेठ १७ गते कार्यसमितिले निर्णय गरेको छ।

**१७. सल्लाहकार समितिमा समावेश गर्नेसम्बन्धमा :**

कानून व्यवसायी महिलाको प्रतिनिधित्वका लागि कार्यसमितिका पूर्व सह-सचिवलाई यस बारको सल्लाहकार समितिमा समावेश गर्ने २०७९ साल असार २१ गते निर्णय गरियो।

**१८. इन्टरनेट जडानसम्बन्धमा :**

विगत २ वर्षदेखि हिमालयन अनलाइन सर्भिस प्रा. लि. बाट १० एमबिपिएस क्षमताको इन्टरनेट सेवा वार्षिक रु. २,४४,०८०। (दुई लाख चवालीस हजार असी रुपैया) मा जडान



सर्वोच्च अदालत बार एशोसिएशन काठमाण्डौ

गरिएकोमा उक्त सेवा अन्य कम्पनीको तुलनामा महंगो परेकाले सोको सट्टा सोही क्षमताको Vianet Communication Pvt. Ltd बाट इन्टरनेट सेवा वार्षिक रु. १,५३,२२८।- (एक लाख त्रिपन्न हजार दुईसय अट्ठाइस रुपैंया) भुक्तानी गर्ने गरी २०७९ साल साउन १५ गते कार्यसमितिले निर्णय गरी सोहीबमोजिम सेवा प्रवाह भएको छ ।

**१९. स्थलगत अनुगमनमा पठाईएकोसम्बन्धमा :**

सुनसरी जिल्ला दुहबी न.पा.वडा नं.२ तुताहास्थित प्रिमियर स्टिल प्रा.लि.ले गरेको वातावरणीय समस्याको बारेमा स्थलगत निरीक्षण गरिपाउँ भनी यस बार एशोसिएशनको वातावरण कानून समितिसमक्ष निवेदन दिइएको हुँदा उक्त समितिको तर्फबाट स्थलगत अध्ययन गर्नका लागि सो समितिका सदस्य सचिव अधिवक्ता राम कुमार आचार्य र अधिवक्ता भुवन प्रसाद वाग्लेलाई यस बारको तर्फबाट प्रतिनिधि पठाइएको थियो । उहाँहरुले २०७९ साल श्रावण ५ देखि ७ गतेसम्म स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्नुभएको थियो ।

**२०. स्मार्ट क्याफेसम्बन्धमा :**

कानून व्यवसायीहरुको सहजताका लागि नेपाल बार एशोसिएशनको प्राङ्गणको दक्षिण पूर्वपट्टीको भागमा कम्तीमा १०/१० फिट लम्बाई चौडाई जग्गा कभर गरी स्मार्ट क्याफे निर्माण गरी सञ्चालन गर्न आबश्यक देखिएको हुँदा सो कार्यका लागि कोटेशन आब्हान गरी १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने र सोको नेपाल बार एशोसिएशनलाई लिखित रुपमा जानकारी गराउने गरी २०७९ साल साउन ३० गते कार्यसमितिले निर्णय गरेको थियो । सो निर्णयको बारेमा जानकारी दिदैं नेबाएलाई २०७९ साल भदौ १५ गते पत्राचार गरिएको थियो । साथै उक्त स्मार्ट क्याफे निर्माण गरी सञ्चालन गर्नका लागि २०७९ साल भदौ १५ गते सार्वजनिक सूचनामार्फत कोटेशन आब्हान गरिएको थियो । विविध कारणले उक्त कार्य हुन नसकेको भएता पनि नेबाएको प्राङ्गगणको उपयुक्त स्थानमा स्मार्ट क्याफे निर्माण गर्न आवश्यक देखिएको छ ।

**२१. सर्वोच्च अदालत बार एशोसिएशनको चौतिसौं कार्यसमिति तथा पार्षद्को निर्वाचन सम्बन्धमा :**

नेपाल बार एशोसिएशनको विधान, २०४८ को धारा २६ (१) र ४५ तथा नेबाएको विनियम, २०४९ को नियम १३ र १४ बमोजिम आ.व. २०७९/०८० देखि २०८०/०८१ का लागि सर्वोच्च अदालत बार एशोसिएशनको चौतीसौं कार्यसमिति तथा नेबाए केन्द्रीय कार्यकारिणी परिषद् सदस्य (पार्षद्) पदको निर्वाचन २०७९ साल पुस २३ गते शनिबारका दिन नेपाल बार एशोसिएशन भवन, रामशाहपथ, काठमाडौंमा गर्नेगरी यस बार एशोसिएशन कार्यसमितिले २०७९ साल मंसिर ७ गते निर्णय गरेको थियो । सो निर्णयबमोजिम निर्वाचन सम्पन्न गर्नका लागि देहायबमोजिमको निर्वाचन समिति गठन गरिएको थियो ।

| | |
|---|---|
| १. अधिवक्ता मुकुन्द प्रसाद पौडल | -प्रमुख निर्वाचन अधिकृत |
| २. अधिवक्ता शर्मिला श्रेष्ठ | -निर्वाचन अधिकृत |
| ३. अधिवक्ता दिप नारायण साह | -निर्वाचन अधिकृत |



सर्वोच्च अदालत बार एशोसिएशन काठमाण्डौ

सो निर्वाचन सफलतापूर्वक सम्पन्न गराएकोमा सर्वोच्च अदालत बार एशोसिएशन निर्वाचन समिति, निर्वाचन आयोग, सहयोगी कर्मचारी, सुरक्षाकर्मी, लगायत प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने व्यक्ति तथा संघ संस्थाप्रति हार्दिक धन्यवाद् ज्ञापन गर्दछ ।

**२२. कर्मचारी स्थायी तथा बढुवा गरिएकोसम्बन्धमा :**

२२.१ २०७६ साल मंसीर ४ गतेदेखि यस सर्वोच्च अदालत बार एशोसिएशनमा करारमा सहायक अधिकृत पदमा कार्यरत गुल्मी जिल्ला स्थायी घर भएका श्री अर्जुन भुसाललाई स्थायी गर्नका लागि कार्यसमितिको २०७९ साउन २२ गतेको निर्णयबमोजिम यस बारका उपाध्यक्ष मुकुन्द प्रसाद पौडेलको संयोजकत्वमा सहसचिव शर्मिला श्रेष्ठ, कोषाध्यक्ष विनोदकुमार कार्की सदस्य र सदस्य सचिवमा वरिष्ठ प्रशासकीय अधिकृत अशोककुमार काफ्ले रहने गरी समिति गठन गरिएको थियो । सो समितिको सिफारिस बमोजिम निजले गरेको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै कार्यसमितिको निर्णयानुसार २०७९ साल साउन १ गतेदेखि लागू हुनेगरी निजलाई वित्त तथा प्राविधिक सहायक अधिकृत पदमा स्थायी गरिएको छ ।

२२.२ सर्वोच्च अदालत बार एशोसिएशनमा विगत २७ वर्षदेखि आर्थिक, प्रशासनिक एवम् अन्य जिम्मेवारी इमान्दारितापूर्वक निर्वाह गर्दै आउनु भएका अशोक कुमार काफ्ले विगत ११ वर्षदेखि उपसचिव स्तरको वरिष्ठ प्रशासकीय अधिकृत पदमा कार्यरत हुनुहुन्थ्यो । निजको सेवाअवधी र कार्यसम्पादन समेतको उचित मूल्यांकन २०७९ साल पुस ३ गतेको कार्यसमितिको निर्णयानुसार २०७९ साल माघ १ गतेबाट लागू हुनेगरी नेपाल सरकारको राजपत्रांकित प्रथम श्रेणी सरहको तलव, भत्ता र सुविधा पाउने गरी प्रमुख प्रशासकीय अधिकृत पदमा बढुवा गर्ने निर्णय गरियो । साथै सोही मितिको निर्णयानुसार विगत २१ वर्षदेखि कार्यालय सहयोगीको रुपमा इमान्दारितापूर्वक जिम्मेवारी बहन गर्दै आउनु भएकी रिना रोक्कालाई विगत ११ वर्षदेखि श्रेणी विहीन तेस्रो तहको कार्यालय सहायक पदमा कार्यरत निजको सेवाअवधि र कार्यसम्पादन समेतको उचित मूल्यांकन गरी २०७९ साल माघ १ गतेबाट लागू हुने गरी नेपाल सरकारको श्रेणी विहिन चौथो स्तर सरहको तलव, भत्ता र सुविधा पाउने गरी कार्यालय सहायक पदमै रहने गरी श्रेणी विहीन तेस्रो तहबाट श्रेणी विहीन चौथो तहमा बढुवा गर्ने निर्णय गरियो ।

**२३. असार पन्ध्रको कार्यक्रमसम्बन्धमा :**

यस बारका पूर्व अध्यक्ष वरिष्ठ अधिवक्ता कमलनारायण दासको नेतृत्वको कार्यसमिति-२०४९ ले शुरुवात गरेको दहि चिउरा कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइयो । अधिवक्ता राधिकादेवी दासले आफ्नै घरमा तयार गरिएको आलुको अचार उपलब्ध गराई सहयोग गर्दै आउनु भएकोमा यस बार एशोसिएशन उहाँहरुप्रति विशेष आभार प्रकट गर्दछ ।

सर्वोच्च अदालत बार एशोसिएशन
काठमाण्डौ
Supreme Court Bar Association

२४.वनभोज कार्यक्रमसम्बन्धमा :

यस बारद्धारा प्रत्येक वर्ष नियमित रुपमा गर्दै आएको २०७८ सालको वनभोज २०७८ साल चैत १२ गते ललितपुरको गोदावरीमा र २०७९ सालको वनभोज कार्यक्रम २०७९ साल पुस १६ गते भक्तपुरको घ्याम्पेडाँडामा सम्पन्न गरिएको छ ।

**२५. विषयगत समितिबाट भएका कार्यक्रमकासम्बन्धमा :-**

**२५.१ वातावरण कानून फैसला अध्ययन समिति**

यस बार एशोसिएशनको वातावरण कानून फैसला अध्ययन समितिद्धारा २०७८ साल जेठ २२ *"वातावरणसम्बन्धी फैसला तथा कार्यान्वयनको अवस्था"* विषयक भर्चुअल कार्यशाला आयोजना गरिएको थियो ।

**२५.२ वातावरण कानून समिति**

यस बार एशोसिएशनको वातावरण कानून समितिद्धारा २०७९ साल जेठ २२ गते *"Only one Earth"* विषयमा छलफल कार्यक्रमको आयोजना गरिएको थियो ।

**२५.३ बाल न्याय सरोकार समिति**

यस बार एशोसिएशनको बाल न्याय सरोकार समितिद्धारा २०७९ साल असार ३० गते *"Jurisprudential Concept on Juvenile Justice"*, २०७९ साल मंसिर ८ गते *" Juvenile Justice System in Nepal : Judicial Perspectives"* र २०७९ साल मंसिर २१ गते *"Court Practices on Juvenile Justice"* विषयमा छलफल कार्यक्रमको आयोजना गरिएको थियो ।

**२५.४ मानव अधिकार समिति**

यस बार एशोसिएशनको मानव अधिकार समितिद्धारा २०७९ साल साउन ६ गते *"सक्रमणकालीन न्यायसम्बन्धी प्रस्तावित संशोधन विधेयक, २०७९"* को विषयमा संवाद कार्यक्रमको आयोजना गरिएको थियो ।

उक्त कार्यक्रम आयोजना गरी सम्पन्न गरेकोमा सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमिति उल्लेखित वातावरण कानून फैसला अध्ययन समितिका संयोजक अधिवक्ता पदम बहादुर श्रेष्ठ, वातावरण कानून समितिका संयोजक वरिष्ठ अधिवक्ता प्रा.डा. ताराप्रसाद सापकोटा, बाल न्याय सरोकार समितिका संयोजक वरिष्ठ अधिवक्ता प्रा.डा. लक्ष्मी प्रसाद मैनाली, मानव अधिकार समितिका संयोजक वरिष्ठ अधिवक्ता रविनारायण खनाललगायत सहसंयोजक, सदस्य सचिव र सदस्यज्यूहरुलाई हार्दिक आभार प्रकट गर्दछु ।

२६. रिट निवेदन दायरसम्बन्धमा

प्रतिनिधिसभामा २०७८ साल फागुन १ गते प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्ध ९८ जना सांसदले महाअभियोग प्रस्ताव पेश गरी निलम्बन गरिएको थियो । निलम्बन भएकै अवस्थामा संघीय संसदका महासचिवले प्रधानन्यायाधीशलाई निलम्बन गरिएको पत्र

सर्वोच्च अदालत बार एशोसिएशन
काठमाण्डौ
Supreme ... Association

निष्प्रभावी भएको भनि गैरकानूनी तथा असंवैधानिक तबरले राष्ट्रपति कार्यालयलसमेतका नाममा २०७९ साल मंसीर २१ गते पत्र प्रेषित गरिएको थियो ।

सो पत्रका विरुद्धमा सर्वोच्च अदालत बार एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता पूर्ण मान शाक्य, उपाध्यक्ष अधिवक्ता मुकुन्द प्रसाद पौडेल, सचिव अधिवक्ता ऋषिराम घिमिरे, कोषाध्यक्ष अधिवक्ता विनोद कुमार कार्की र सदस्यहरु अधिवक्ता विकास भट्टराई, अधिवक्ता अनन्तराज लुइटेल, अधिवक्ता दिप नारायण साह, अधिवक्ता अमिता गौतम, अधिवक्ता डा. रामहरि त्रिपाठीद्वारा संघीय संसद सचिवालय, सिंहदरबार काठमाडौंसमेतलाई विपक्षी बनाई रिट निवेदन दर्ता गरिएको थियो ।

तत्पश्चात् सम्मानित सर्वोच्च अदालतको संवैधानिक इजलासले संघीय संसद सचिवालयका महासचिवको २०७९ साल मंसिर २१ को पत्र कार्यान्वयन नगर्नु/नगराउनु भनी अन्तरिम आदेश जारी गरिएको छ ।

## २७. निशुल्क कानूनी (प्रो-बोनो) सेवासम्बन्धमा

यस बार एशोसिएशनका सदस्यज्यूहरुबाट असहाय पक्षको तर्फबाट नि:शुल्क कानूनी सहायता प्रदान गर्नका लागि ६३ जनाको नाम सुचिकृत भएको छ । सुचिकृत भएमध्ये हालसम्म देहायबमोजिमको मुद्दामा निम्न कानून व्यवसायीले प्रो-बोनो सेवा प्रदान गर्नुभएको छ ।

| क्रम संख्या | पक्ष | विपक्ष | मुद्दा | प्रो-बोनो प्रदान गर्ने कानून व्यवसायी |
|---|---|---|---|---|
| १ | लक्ष्मी ऐरी | अंगलाल रोकाय | अंशचलन, मानाचामल | वरिष्ठ अधिवक्ता मुकुन्द शर्मा पौडेल |
| २ | ढालबहादुर छन्त्याल | तमबहादुर छन्त्याल | अंश चलन | अधिवक्ता विकास भट्टराई |
| ३ | प्रवेज आलम | गृह मन्त्रालयसमेत | परमादेश | अधिवक्ता विकास भट्टराई |
| ४ | केदार शरण विकल | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | परमादेशसमेत | अधिवक्ता ऋषिराम घिमिरे, अधिवक्ता विकास भट्टराई |
| ५ | चिरिबाबु महर्जन | निर्वाचन आयोगसमेत | उत्प्रेषणसमेत | अधिवक्ता रमेशराज शर्मा सिग्देल |

## २८. पुरस्कारसम्बन्धमा

यस बार एशोसिएशन कार्यसमितिको २०७९ पुस ३ गतेको निर्णयानुसार २०७९ सालको पुरस्कार प्रदान गर्न देहायबमोजिमको समिति गठन गरिएको थियो ।

सर्वोच्च अदालत बार एशोसिएशन काठमाडौं Supreme Court Bar Asso...

१) सर्वोच्च अदालत बार एशोसिएशन पुरस्कार

- वरिष्ठ अधिवक्ता बद्री बहादुर कार्की - संयोजक
- वरिष्ठ अधिवक्ता उषा मल्ल पाठक -सदस्य
- वरिष्ठ अधिवक्ता डा.चन्द्रकान्त ज्ञवाली - सदस्य

सो समितिको निर्णयबमोजिम उक्त पुरस्कार यस बार एशोसिएशनका पूर्व अध्यक्ष वरिष्ठ अधिवक्ता महादेव प्रसाद यादवलाई प्रदान गर्ने निर्णय गरियो । सर्वोच्च अदालत बार एशोसिएशनका सदस्य वरिष्ठ अधिवक्ता रामप्रसाद भण्डारी 'संभव' बाट स्थापित उक्त पुरस्कारको राशी १५ हजार १ सय ११ रुपैयाँ रहेको छ ।

२) विश्वनाथ उपाध्याय स्मृति पुरस्कार

- वरिष्ठ अधिवक्ता पूर्ण मान शाक्य -संयोजक
- अधिवक्ता ऋषिराम घिमिरे - सदस्य सचिव
- वरिष्ठ अधिवक्ता कृष्ण प्रसाद सापकोटा -सदस्य
- वरिष्ठ अधिवक्ता प्रा.डा. शशी कुमारी अधिकारी - सदस्य
- अक्षयकोषको तर्फबाट वरिष्ठ अधिवक्ता शैलेन्द्र कुमार दाहाल -सदस्य

सो समितिको निर्णयबमोजिम उक्त पुरस्कार सर्वोच्च अदालतका पूर्व न्यायाधीश टोप बहादुर सिंहलाई प्रदान गर्ने निर्णय गरियो । सर्वोच्च अदालत बार एशोसिएशनका पूर्व अध्यक्ष वरिष्ठ अधिवक्ता शैलेन्द्र कुमार दाहालबाट स्थापित उक्त पुरस्कारको राशी ५१ हजार रुपैयाँ रहेको छ ।

३) विनोद रोका न्याय प्रतिक सम्मान पुरस्कार

- वरिष्ठ अधिवक्ता पूर्ण मान शाक्य - संयोजक
- अधिवक्ता ऋषिराम घिमिरे - सदस्य सचिव
- वरिष्ठ अधिवक्ता श्यामप्रसाद खरेल -सदस्य
- वरिष्ठ अधिवक्ता प्रा.गीता पाठक संग्रौला -सदस्य
- अक्षयकोषको तर्फबाट अधिवक्ता लक्ष्मी खड्का -सदस्य

सो समितिको निर्णयबमोजिम उक्त पुरस्कार प्रा.डा. सुर्य प्रसाद सुवेदीलाई प्रदान गर्ने निर्णय गरियो । सर्वोच्च अदालत बार एशोसिएशनका पूर्व सचिव अधिवक्ता विनोद रोकाबाट स्थापित उक्त पुरस्कारको राशी ५१ हजार रुपैयाँ रहेको छ ।

४) कुन्जविहारी प्रसाद सिंह सम्मान पुरस्कार

- वरिष्ठ अधिवक्ता पूर्ण मान शाक्य -संयोजक
- अधिवक्ता ऋषिराम घिमिरे - सदस्य सचिव
- पूर्व अध्यक्ष वरिष्ठ अधिवक्ता महादेव प्रसाद यादव - सदस्य
- वरिष्ठ अधिवक्ता प्रा.डा सुस्मिता सिंह कार्की -सदस्य
- संस्थापकको तर्फबाट वरिष्ठ अधिवक्ता अवधेश कुमार सिंह - सदस्य



सर्वोच्च अदालत बार एशोसिएशन

सो समितिको निर्णयबमोजिम उक्त पुरस्कार यस बार एशोसिएशनका पूर्वअध्यक्ष वरिष्ठ अधिवक्ता श्यामप्रसाद खरेललाई प्रदान गर्ने निर्णय गरियो । सर्वोच्च अदालत बार एशोसिएशनका सदस्य वरिष्ठ अधिवक्ता अवधेश कुमार सिंहबाट स्थापित उक्त पुरस्कारको राशी ५१ हजार रुपैयाँ रहेको छ ।

**२९. सदस्यहरुको शोक तथा समवेदना :**

२९.१ यस बारका सदस्य अधिवक्ता चन्द्र प्रसाद पोखरेलको २०७८ साल चैत १९ गते असामयिक निधन भएकोमा श्रद्धाञ्जली सभाको आयोजना गरी स्वर्गीय पोखरेलको आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरियो ।

२९.२ यस बारका सदस्य तथा पूर्व कोषाध्यक्ष अधिवक्ता राम प्रसाद भट्टराईको २०७९ साल असोज २० गते असामयिक निधन भएकोमा श्रद्धाञ्जली सभाको आयोजना गरी स्वर्गीय भट्टराईको आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरियो ।

साथै यस बारको कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु उपत्यका भित्र आशौच बारेको स्थलमासमेत गई दिवङ्गत आत्माको चीरशान्तिको कामना गरी शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरियो ।

**३०. यस बार एशोसिएशनका सदस्यज्यूहरुको परिवारजनमा प्रकट गरिएको समवेदनासम्बन्धमा**

वरिष्ठ अधिवक्ता धीर्जराज पोखरेलका पूजनीय पीताजी गोविन्द प्रसाद पोखरेलको २०७९ साल बैशाख २९ गते, अधिवक्ता आशिकराम कार्कीका पूजनीय पिताजी भक्तबहादुर कार्कीको २०७९ साल असार १० गते, वरिष्ठ अधिवक्ता रमा पन्त खरेलकी ममतामयी माता भीमकुमारी खरेलको २०७९ साल असार १६ गते, वरिष्ठ अधिवक्ता सर्वज्ञरत्न तुलाधरकी धर्मपत्नी कमलदेवी तुलाधरको २०७९ साल साउन २५ गते, अधिवक्ता संगिता बाबा चापागाई दाहालका पती नवराज शर्मा दाहालको २०७९ साल भदौ ३ गते, वरिष्ठ अधिवक्ता पुष्पा भूसाल (गौतम) की ममतामयी माता शारदा गौतमको २०७९ साल भदौ ४ गते र अधिवक्ता देवी रेग्मीका पूजनीय पिताजी कृष्णराज रेग्मीको २०७९ साल भदौ ४ गते असामयिक निधन भएकोमा दिवङ्गत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरियो ।

यसैगरी अधिवक्ता पुण्य प्रसाद दंगालकी ममतामयी माता सरस्वती दंगालको २०७९ साल असोज १८ गते, अधिवक्ता राम राउतका पूजनीय पिताजी कृष्ण बहादुर राउतको २०७९ साल कात्तिक १६ गते, अधिवक्ता धनन्जय खनालकी ममतामयी माता रेवतीमाया खनालको २०७९ साल कात्तिक २८ गते, वरिष्ठ अधिवक्ता डा.सुरेन्द्र भण्डारीकी ममतामयी माता महेश्वरी भण्डारीको २०७९ साल मंसिर ३ गते, अधिवक्ता तारा प्रकाश पौडेलकी ममतामयी माता पञ्चकली पौडेलको २०७९ साल मंसिर ८ गते, वरिष्ठ अधिवक्ता रमेश प्रसाद गुरागाईंकी ममतामयी माता भगवती गुरागाईंको २०७९ साल मंसिर २८ गते, अधिवक्ता

मुकुन्द प्रसाद पौडेलका पूजनीय पिताजी विष्णु प्रसाद पौडेलको २०७९ साल मंसिर २८ गते, वरिष्ठ अधिवक्ता रक्ष बहादुर क्षेत्रीकी धर्मपत्नी मञ्जु क्षेत्रीको २०७९ साल पुस १५ गते, अधिवक्ता भिष्मराज कडरीयाका पूजनीय पिताजी देवी प्रसाद कडरीयाको २०७९ साल पुस २२ गते र वरिष्ठ अधिवक्ता राजु बस्नेतको पूजनीय पिताजी हरिबहादुर बस्नेत २०७९ साल माघ १ गते असामयिक निधन भएकोमा दिवङ्गत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरियो ।

साथै, यसबारको कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु उपत्यका भित्र आशौच बारेको स्थलमासमेत गई दिवङ्गत आत्माको चीरशान्तिको कामना गरी शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गरियो ।

प्रस्तुत प्रतिवेदन पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ॥।

सर्वोच्च अदालत बार एशोसिएशन काठमाण्डौ Supreme Court Bar Association

कार्यसमितिको तर्फबाट
अधिवक्ता ऋषिराम घिमिरे
सचिव

मितिः २०७९ साल माघ ७ गते, शनिबार ।